नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ

(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

पत्र संख्याः २०८१/०८२

मितिः २०८२/०१/०३
नेपाल संवतः ११४६

विषयः स्वतः प्रकाशन।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट मिति २०८१ माघ १ देखि २०८१ चैत्र मसान्तसम्म सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको त्रैमासिक कार्य विवरण निम्नानुसार रहेको हुँदा सरोकारवालाको जानकारीको लागि प्रकाशित गरिएको छ।

**१. कार्यालयको स्वरूप र प्रकृतिः**

तत्कालीन तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१ मा रहेको व्यवस्था बमोजिम नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभागको मातहतमा रही सोको कार्य सम्पादनमा सहयोग पुयाउने उद्देश्यले ३३ वटा तथ्याङ्क कार्यालय स्थापना भएकोमा तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० जारी भएपश्चात् साविकका तथ्याङ्क कार्यालयहरु खारेज भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु स्थापना भएको र सो मध्ये खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर गरी ४ जिल्ला कार्यक्षेत्र रहने गरी खोटाङ जिल्लामा तथ्याङ्क समन्वय कार्यालय स्थापना भई आर्थिक वर्ष २०८१/०८२ देखि नियमित रुपमा दैनिक तथा प्रशासनिक कार्य सञ्चालन भइरहेको छ।

**२. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको काम, कर्तव्य र अधिकारः**

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने सर्भे तथा गणनाहरुमा तोकिएको निकायहरुबाट तथ्याङ्क संकलन गर्ने,
- राष्ट्रिय जनगणना राष्ट्रिय कृषिगणना, साना तथा ठुला उद्योग प्रष्टिठानहरुको सर्वेक्षण सञ्चालनमा सहयोग गर्ने,
- नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माण, राष्ट्रिय लेखा, मूल्य तथ्याङ्कसम्बन्धी नियमित कार्यक्रमको लागि त्रैमासिक तथा वार्षिक रुपमा तथ्याङ्क संकलन गर्ने,
- तथ्याङ्कसम्बन्धी सरोकारवालाहरुमा तथ्याङ्कीय सचेतना/साक्षरता अभिवृद्धि गराउने,
- तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएको तथ्याङ्कहरु माग बमोजिम Soft Copy र Hard Copy समेत उपलब्ध गराउने, तालुक निकायको निर्देशनअनुसार अन्य कार्यहरु गर्ने।

**३. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको कर्मचारी दरबन्दी विवरण तथा हालको अवस्था :**

यस कार्यालयको जम्मा स्वीकृत दरबन्दी १५ जना रहेको छ।हाल उक्त दरबन्दी मध्ये ८ कार्यरत तथा ७ रिक्त रहेको छ। जसलाई तालिकामा प्रस्तुत गरिन्छ ।

| क्र.सं. | पद | श्रेणी | जम्मा दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क समन्वय अधिकारी | रा.प.द्वितीय श्रेणी | १ | १ | ० |
| २. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | २ | २ | ० |
| ३. | सुपरिवेक्षक | रा.प.अनं. प्रथम | ४ | १ | ३ |
| ३. | गणक | रा.प.अनं. द्वितीय | ३ | ० | ३ |
| ४. | खरिदार | रा.प.अनं. द्वितीय | २ | २ | ० |
| ५. | सह-लेखापाल | रा.प.अनं. द्वितीय | १ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | कार्यालय सहयोगी | श्रेणीविहिन | २ | २ | ० |

**४. तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट प्रदान गरिने सेवाः**

कार्यालयका नियमित प्रशासनिक तथा तथ्याङ्क संकलनका कार्य संचालन गर्ने, कार्य क्षेत्रका जिल्लाहरुमा तथ्याङ्कीय सचेतना अभिवृद्धि गर्ने, तथ्याङ्कीय गतिविधिहरुमा आवश्यकता बमोजिम समन्वय गर्ने, तथ्याङ्क लिन तथा तथ्याङ्कमा चासो राखे सेवाग्राहीहरुको मागबमोजिम सेवा प्रदान गर्ने, तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएका तथ्याङ्कहरु माग बमोजिम Soft Copy र Hard Copy समेत उपलब्ध गराउने।

**५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार व्यक्तिः**

कार्यालय प्रमुख तथा गुनासो सुन्ने अधिकारी : तथ्यांक समन्वय अधिकारी श्री विकाश मल्ल
प्राविधिक शाखा प्रमुख : तथ्यांक अधिकृत श्री विमल कुमार यादव
प्रशासन शाखा प्रमुख : तथ्यांक अधिकृत श्री सन्तोष कोइराला
सूचना अधिकारी : सुपरिवेक्षक श्री सुवाश राई

**६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

तथ्याङ्क लिन आउने व्यक्ति, संघ-संस्था तथा कार्यालयरुलाई बिना दस्तुर निःशुल्क सेवा प्रदान गरिनुका साथै सेवाग्राहीले माग गरेका तथ्याङ्क कार्यालयमा उपलब्ध भएमा तुरुन्त प्रदान गर्ने र तत्काल उपलब्ध नभएमा त्यसको जानकारी गराई उपलब्ध भएपछि उपलब्ध गराउने।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारः**

तथ्याङ्क माग गर्न आउने सेवाग्राहीले आफ्नो नाम दर्ता गराई कुन प्रयोजनको लागि तथ्याङ्क आवश्यक परेको हो सो खुलाउनु पर्नेछ। त्यसपछि मागबमोजिम कार्यालयमा भएका तथ्याङ्क उपलब्ध गराइनेछ। सेवाग्राहीबाट सेवासम्बन्धी उजुरी आएमा सोको सुनुवाइ गुनासो सुन्ने अधिकारीको सुनुवाइ तथा कार्यालय प्रमुखको निर्णय बमोजिम हुनेछ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- कार्यालय प्रमुख तथ्यांक समन्वय अधिकारी श्री विकाश मल्ल।

**९. तथ्याङ्क समन्वय कार्यालय, खोटाङले सम्पादन गरेको कामको विवरणः**

आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक (मिति २०८१ माघ १ गतेदेखि २०८१ चैत्र मसान्तसम्म) मा सम्पादन गरिएका कार्यहरुः जनवरीदेखि मार्चसम्मको अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन तथा प्रतिवेदन, मूल्य तथ्याङ्कसम्बन्धी (कृषि वस्तुको उत्पादन तथा निर्माण सामग्रीको मूल्य तथा ज्याला तथा भाडादर) तथ्याङ संकलन, प्रविष्टि र प्रतिवेदन, नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणसम्बन्धी तथ्याङ्क संकलन तथा प्रविष्टी, सोलुखुम्बु जिल्लाका ७ स्थानीय तह तथा ओखलढुङ्गा जिल्लाका ५ स्थानीय तहहरुमा राष्ट्रिय तथ्यगत विवरण (National Data Portal-NDP) को कार्यान्वयनको अनुगमन तथा पृष्ठपोषण, सोलुखुम्बु जिल्लाका सूचीकृत व्यवसायको व्यावसायिक कुखुरापालन सर्वेक्षण मूख्य फिल्ड कार्यको तथ्याङ्क संकलन, जन्तेढुङ्गा गाउँपालिका, खोटाङको परिचयात्मक बिबरणसहितको जनसांख्यिक विवरण वितरण तथा खुम्बुपासाङल्हामु गापा, सोलुखुम्बुको परिचयात्मक विवरणसहितको जनसांख्यिक विवरण तयारी तथा छपाइ, भोजपुर जिल्लाको मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यका लागि तथ्याङ्क संकलन कार्यको निरन्तरता, जिल्लामा राष्ट्रिय आर्थिक गणनाको प्रत्रावली परीक्षणसम्बन्धी प्रश्नावली भरी पठाइएको, दोस्रो त्रैमासिक राष्ट्रिय लेखा तथा वार्षिक राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्क संकलन तथा प्रतिवेदन, आन्तरिक पर्यटक सर्वेक्षणको ऐसेलुखर्क गा पा १, थुलुङदुधकोसी गा पा १, दिप्रुङचुइचुम्मा गा पा २ र मानेभञ्याङ गा पाको १ वटा गरी ५ वटा PSU को स्थलगत तथ्याङ्क

संकलन फिल्ड कार्य तथा रिपोर्टिङ, सोलुखुम्बु, ओखलढुङ्गा जिल्लाका सूचीकृत निकायमा NPISHS सम्बन्धी तथ्याङ्क संकलन गर्ने कार्य, तालुक निकायको निर्देशन बमोजिमका कार्यहरु।

**१०. गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुखको नाम,पद र सूचना अधिकारी:**

- गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुख : तथ्यांक समन्वय अधिकारी श्री विकाश मल्ल ।
- सूचना अधिकारी : सुपरिवेक्षक श्री सुवाश राई।

**११. ऐन, नियम र निर्देशिकाको सूची: यस कार्यालयले मुख्यत:**

तथ्याङ्क ऐन, २०७९ तथा नियमावली, २०८० को अधीनमा रही काम कारवाही गर्दछ। यसबाहेक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, भ्रमण खर्च नियमावली, २०६४ (संशोधनसहित) र निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० अनुसार काम गर्दछ।

**१२. आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण:**

तथ्याङ्क समन्वय कार्यालय, खोटाङको अख्तियारी तथा तेस्रो त्रैमासिकको खर्चको विवरण:

| बजेट शीर्षक | अन्तिम बजेट रकम रु. | खर्च रकम रु. | खर्च प्रतिशत/वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|
| पुँजीगत | ५,००,०००.००/- | ५,००,०००/- | १००.०० प्रतिशत | तेस्रो त्रैमासिक सम्मको मात्र । |
| चालु | १,९५,७१,०००.००/- | ६१,४०,०८७/- | ३१.३७ प्रतिशत | |

**१३. तोकिए बमोजिम सम्पन्न गरिएका अन्य प्रगति विवरण:**

- कार्यालयको वेभसाइट लाइभ गरिएको।

**१४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**

तोकिएका भौगोलिक सूचना प्रणाली सम्बन्धी तथ्याङ्क संकलन र डिजिटाइजेशन कार्य सम्पन्न।

**१५. कार्यालयको वेभसाइट तथा फेसबूक सम्बन्धी विवरण:**

कार्यालयको वेभसाइट: https://scokhotang.nsonepal.gov.np ,

फेसबूक एकाउण्ट (https://www.facebook.com/SCO.Khotang) रहेको।

**१६. कार्यालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

माथि बुँदा नं. ९ मा उल्लेख गरे बमोजिम।

**१७. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:**

विभिन्न गणना तथा सर्वेक्षण तथा तथ्याङ्कीय गतिविधिसम्बन्धी माग भएका विवरण उपलब्ध गराइएको।

**१८. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:**

तथ्याङ्क सम्बन्धी सूचनाहरु राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौंबाट प्रकाशन हुने। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित सम्पूर्ण तथ्याङ्क www.nsonepal.gov.np मा हेर्न सकिने छ।